## जिल्ला विकास समिति भक्तपुरको आ.व. २०७० ।७१ को

# सामाजिक परीक्षण प्रतिवेदन




**प्रतिवेदन तयार गर्ने**

श्री सृजनशील समाज नेपाल,

कटुञ्जे, भक्तपुर

२०७१ कार्तिक

जिल्ला विकास समिति भक्तपुरको आ.व.

२०७०/७१ को

# सामाजिक परीक्षण

# प्रतिवेदन

२०७१ कार्तिक

**प्रतिवेदन तयार गर्ने**

# श्री श्रृजनशील समाज नेपाल,

# कटुञ्जे, भक्तपुर

# विषय सूची


| | |
|---|---|
| १. पृष्ठभूमि | १ |
| २. सामाजिक परीक्षणको उद्देश्य, | २ |
| ३. सामाजिक परीक्षण विधि | २ |
| ४. अध्ययनको सिमा | ३ |
| ५. वृहत छलफल कार्यक्रम | ४ |
| ६. अनुसूची २ : जिल्ला विकास समिति भक्तपुर | ५ |
| ७. अनुसूची ३ : | ३८ |
| कृषि विकास कार्यालय | ३८ |
| जिल्ला शिक्षा कार्यालय | ४० |
| जिल्ला पशु सेवा कार्यालय | ४५ |
| जिल्ला खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय | ४७ |
| जिल्ला बाल कल्याण समिति | ४८ |
| महिला तथा बालबालिका कार्यालय | ५१ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ५६ |
| सि.बि.आर. संस्था, भक्तपुर | ५८ |
| नेपाल रेडक्रस सोसाईटी, भक्तपुर जिल्ला शाखा | ६२ |
| भक्तपुर पर्यटन विकास समिति | ६४ |

**श्रीमान स्थानीय विकास अधिकारीज्यू**
**जिल्ला विकास समितिको कार्यालय**
**भक्तपुर ।**

जिल्ला विकास समितिको कार्यालय र श्रृजनशील समाज नेपालबीच सामाजिक परीक्षणको लागि भएको सम्झौता वमोजिम प्रस्तावमा उल्लेख भए बमोजिमको प्रकृया पुरा गरी सामाजिक परीक्षण प्रतिवेदन पेश गरेका छौं ।

## १. पृष्ठभूमि

स्थानीय स्वायत्त शासन ऐन, २०५५ तत्सम्बन्धी नियमावली, २०५६ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ अनुसार स्थानीय निकायहरुलाई स्थानीय जनताकालागि आवश्यक सेवा सुविधाहरु व्यवस्थित र प्रभावकारी तरिकाबाट स्थानीय स्तरमानै उपलब्ध गराउन सक्ने अधिकार दिइएको छ ।

नेपाल सरकारले स्थानीय निकायलाई दिने अनुदान लक्षित समुदायहरुको समग्र विकासकोलागि केन्द्रीत गर्ने कुरामा विशेष जोड दिदै आएकोछ । यसकोलागि विशेष बजेटको समेत व्यवस्था गरेकोछ । स्थानीय निकायमा जाने अनुदान रकममा पनि विगतका दिन भन्दा बढोत्तरी भएको छ । यसले स्थानीय निकायलाई अझ जिम्मेवार र उत्तरदायी बनाएकोछ । जनतासंग प्रत्यक्ष नजिक रहेर सेवा प्रवाह गर्ने संस्था स्थानीय निकाय भएकोले स्थानीय निकायसंग जनताका इच्छा आकांछाहरु बढ्नु स्वभाविक हो । स्थानीय निकाय तथा स्थानीय सेवा प्रदायकको काम कारवाहीमा पारदर्शिता र सेवाग्राहीप्रति जवाफदेहिता अभिवृद्धि गर्न र शुसासन कायम गर्नकालागि नेपाल सरकारले विभिन्न नीतिहरु अवलम्बन गर्दै आएकोछ । स्थानीय स्तरमा भए गरिएको कामकारवाहीको जनताप्रति सामाजिक उत्तरदायित्व बहन गर्नकालागिलागि अवलम्बन गरिएका विभिन्न विधि मध्ये सामाजिक परीक्षण पनि एक हो ।

स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको नियम २०१ को उपनियम (१) मा सामाजिक परीक्षण को व्यवस्था गरिएको छ । जस अनुसार "सामाजिक परीक्षण" लाई स्थानीय निकायको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्य भनिएकोछ । यसरी सामाजिक परीक्षण कार्यलाई व्यवस्थित तरिकाले सम्पन्न गर्नकालागि नेपाल सरकारले स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ जारी गरी लागु गरेको अवस्थाछ । यसका साथै स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ मा समेत स्थानीय निकायहरुले सामाजिक परीक्षणकार्यलाई विशेष जोड दिइएकोछ ।

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुसार वर्षमा एक पटक गर्ने प्रावधान भएको र स्थानीय निकायको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यमा सामाजिक परीक्षणलाई एउटा सूचकको रुपमा राखिएको छ । यसले गर्दा पनि स्थानीय निकायहरू जिविस, नगरपालिका र गा.वि.स.हरूले आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिकभित्र सामाजिक परीक्षण अनिवार्य शर्त बनेकोछ ।

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रस्तुत गर्न आवश्यक हुन्छ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी सामाजिक परीक्षकले अन्तिम प्रतिवेदन तयार गर्नु पर्दछ । यसलाई स्थानीय निकायको योजना तर्जुमाको विभिन्न चरणमा, सामाजिक तथा जनसंख्या समिति र परिषद्मा समेत पेश गर्नु पर्दछ । यसरी स्थानीय निकायबाट भएका कामहरूले सामाजिक उपलब्धि कति हासिल भए सोको विश्लेषणबाट प्रभाव सम्मको अवस्थाको आंकलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी हुन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनवाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्नमा स्थानीय निकायलाई ठूलो टेवा पुऱ्याउन मद्दत गर्दछ ।

यसै परिप्रेक्षमा सामाजिक परीक्षण कार्यविधि २०६७ बमोजिम यस श्रृजनशील समाज नेपालबाट भक्तपुर जिल्ला विकास समितिको आ.व. ०७०।७१ को सामाजिक परीक्षण गरी यो प्रतिबेदन प्रस्तुत गरिएको छ ।

## २. सामाजिक परीक्षणको उद्देश्य,

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुरूप जिविसको एक आर्थिक वर्षमा जिविसकै समग्र सामाजिक उत्तरदायित्व परीक्षण ( लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको उद्देश्य हो । यस अध्ययनको उद्देश्य भक्तपुर जिल्लाको सामाजिक परीक्षण गर्ने रहेको छ । प्रस्तुत अध्ययनले सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै जिविसलाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, योजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा गर्नु यस परीक्षणको उद्देश्य रहेको छ ।

## ३. सामाजिक परीक्षण विधि

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू प्रयोग गरीएको थियो :

### क) सन्दर्भ सामग्री समीक्षा र अध्ययन

- स्थानीय निकाय सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू

- स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य
- आवधिक तथा वार्षिक योजना (विषयगत कार्यालयहरूको समेत)
- सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना
- नागरिक बडापत्र
- वार्षिक प्रतिवेदनहरू

**ख) अन्तरवार्ता र समूह छलफल**

जिविसका पदाधिकारीहरू, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुखसँग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता तथा छलफल गरिएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूहमा समेत छलफल गरिएको थियो ।

**ग) प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल**

देहाय अनुसारको शीर्षकमा केन्द्रीकृत रही छलफलको लागि प्रस्तुत गरिएको थियो :

- सामाजिक परीक्षणका निष्कर्षहरू
- सामाजिक परीक्षणले औंल्याएका सवालहरू
- सवालहरूको प्राथमिकीकरण
- यी सवालहरूलाई सम्बोधन गर्ने प्रतिबद्धता (समय सीमा सहित)
- सामाजिक परीक्षण प्रतिवेदनले समेट्न नसकेका विषयवस्तु
- सुझावहरू

**घ) प्रतिवेदन तयारी**

छलफलमा उठेका सुझाव तथा निर्णयहरू र कार्य योजना सहित प्रतिवेदन तयार गरिएकोछ । विषयगत कार्यालयहरू र जिबिसको वार्षिक लक्ष्य, नीति तथा योजना, जिविसमा परेका गैर सरकारी संस्थाहरूलाई समेत सामाजिक परीक्षणमा समावेश गरिएको थियो ।

## ४. अध्ययनको सीमा

सामाजिक परीक्षण कार्यविधि अनुसार यस अध्ययनले आ.ब. २०७०।७१ को सामाजिक परीक्षण गर्ने कुरा तोकिएको र यसका विधि र प्रक्रियाहरु सोही अनुसार निर्देश गरिएकोछ । यस सामाजिक परीक्षण कार्यमा जिल्ला विकास समिति भक्तपुरले सामाजिक क्षेत्रमा गरेको कामहरुको मुख्य मख्य

कामहरुलाई आधार मानी हेरिएको छ । बजेट तथा समयको अपर्याप्तताले सम्पूर्ण जिल्लाभरीको आयोजनाको अध्ययन गर्न सकिएकोछैन ।

## ५. वृहत छलफल कार्यक्रम

भक्तपुर जिल्ला विकास समितिको आ.ब. २०७०।७१ को सामाजिक परीक्षणको क्रममा विभिन्न शाखा, सरोकारवालाहरुसंग छलफल तथा जिविसको बजेट, नीति, योजनाहरुको अध्ययन गरी प्रारम्भिक प्रतिवेदन तयार गरिएको थियो । उक्त प्रतिबेदनमाथि छलफल तथा आवश्यक सुझाव संकलन गर्नकालागि मिति : २०७१।७।२८ गते जिल्ला विकास समितिको कार्यालय, भक्तपुरको सभाहलमा, विहान ११:०० बजे बृहत भेलाको आयोजना गरिएको थियो ।

उक्त कार्यक्रममा जिविसका पदाधिकारी, कर्मचारी, जिविसका पदाधिकारीहरू, कर्मचारीहरू, सरोकारवालाहरू, उपभोक्ताका प्रतिनिधिहरू (नागरिक समाज, राजनैतिक दलहरू, प्रमुख करदाताहरू, पूर्व जनप्रतिनिधिहरू, पिछडिएका वर्ग, बालबालिका, महिला प्रतिनिधि, स्थानीय गैसस, नागरिक बडा मञ्च तथा सामुदायिक संस्थाहरू, बुद्धिजीवीहरू, प्रत्यक्ष उपभोक्ताका प्रतिनिधि, विषयगत कार्यालयका प्रतिनिधिहरु तथा पत्रकार लगायत १०० जनाको उपस्थिति रहेको थियो । कार्यक्रममा सहभागीहरुको नामावली अनुसूची २ मा दिईएको छ ।

*(अनुसूची ४ को बुँदा नं. ६, ७, ८ र ९ संग सम्बन्धित विषयवस्तुहरु अनुसुची २ र ३ मा उल्लेख गरिएका छन्)*

अनुसूची २

## जिल्ला विकास समितिको कार्यालय, भक्तपुर
## आर्थिक वर्ष २०७०।७१ को
## समाजिक परीक्षण प्रतिवेदन

### २.स्थानीय निकायको परिचय

### २.१ भौगोलिक स्थिति

क्षेत्रफलको हिसावले **भक्तपुर जिल्ला नेपालको** सबैभन्दा सानो जिल्ला हो जुन ११९ वर्ग कि.मी रहेको छ । यसको सिमाना पूर्वमा काभ्रेपलान्चोक जिल्ला, पश्चिमा काठमाडौं र ललितपुर जिल्ला, उत्तरमा काठमाण्डौं र काभ्रेपलान्चोक र दक्षिणमा ललितपुर जिल्ला रहेका छन् । यसको अवस्थिति :२७०३६' देखि २७०४४' उत्तरी अक्षांश र ८५०२१' देखि ८५०३२' पूर्वी देशान्तरबीच रहेको छ । जिल्लको पूर्व पश्चिम लम्बाई १६ कि.मी छ म.भने उत्तर दक्षिण लम्बाई १२.२ कि.मी. रहेको छ । भूभौतिक क्षेत्र को दृष्टिले हेर्दा यो जिल्ला पहाडी क्षेत्र र उपत्यका क्षेत्र दुवैमा पर्दछ ।

**प्रमुख नदी /खोला :** मनोहरा, हनुमन्ते, तव्याखुसी, महादेव खोला र घट्टेखोला ।

उचाई (औसत) : १३३१ मिटर (समुद्री सतहबाट)

**औषत तापक्रम : २०–२५ डिग्री औषत वर्षा (वार्षिक)** : :५६ मिलीमिटर

**भू–उपयोग :** कृषि क्षेत्रः १०२.४ वर्ग कि.मी.,वनजङ्गल क्षेत्रः २१.२ वर्ग कि.मी., झाडी १.६२ वर्ग कि.मी.,

वसोबास क्षेत्र तथा संस्थागत क्षेत्र : २.१० वर्ग कि.मी., अन्य : ०.०६ वर्ग कि.मी.

### २.२ राजनैतिक तथा प्रशासनिक विभाजनः

**विकास क्षेत्र**:: मध्यमाञ्चल

**अञ्चल**: बागमती

**जिल्ला सदरमुकाम**:: भक्तपुर नगरपालिका

निर्वाचन क्षेत्र : २ वटा, इलाका : ११ वटा

नगरपालिका : २ वटा (भक्तपुर न.पा. र मध्यपुर थिमी न.पा.

गाविस : १६ वटा (दुवाकोट, झौखेल, चाँगु, छालिङ्ग, नगरकोट, वागेश्वरी, सुडाल, ताथली, चित्तपोल,

नंखेल, सिपाडोल, कटुञ्जे, गुण्डु, दधिकोट, सिरुटार र बालकोट गा.वि.स.)

२. ३. **जनसंख्या स्थिति (राजग, २०६८ प्रारम्भिक अनुसार)** :

कुल जनसंख्या ३,०३,०२७

कुल पुरुष संख्या : १,५४,००६ (५०.८२%), कुल महिला संख्या : १,४९,०२१ (४९.१८%)

विदेशमा रहेको जनसंख्या : ९७०१ (पुरुष : ७५८८, महिला : २११३)

वार्षिक जनसंख्या वृद्धिदर : २.९६% यस दशकमा वृद्धि : ३४.४०%

लैङ्गिक अनुपात : १०३ जिल्लाको जनघनत्व :२५४६ प्रति वर्ग कि.मी.

कुल घरधुरी : ५०,०८६ कुल घरपरिवार संख्या : ७३,०८४

औषत घरपरिवार संख्या : ४.१५

२.४. **शैक्षिक स्थिति** (**स्रोत :Flash 1, 2065**)

**कूल साक्षरता दर** : ६९.२५% पुरुष साक्षरता : ८१.१७% महिला साक्षरता : ५७.०१%

विद्यालय संख्या : २५७ सामुदायिक विद्यालय : २५७ वटा संस्थागत : २३५ वटा

विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या : ६४,७२० छात्र : ३२७६१ छात्रा : ३१९५९

२. ५. **धार्मिक तथा पर्यटकीय क्षेत्रहरु**

प्रमुख जात्रा : विस्केट जात्रा, गाईजात्रा, जिब्रो छेड्ने जात्रा

प्रमुख पर्वत : नगरकोट, सूर्यविनायक, चाँगु, त्रिशुल डाँडा, तेलकोट, साँगा र खावाभञ्ज्याङ्ग

प्रमुख पर्यटकीय स्थलः चाँगुनारायण मन्दिर (विश्व सम्पदा), भक्तपुर दरबार क्षेत्र, ५५ झ्याले दरबार, न्यातापोल मन्दिर, भैरब मन्दिर र दतात्रय मन्दिर (विश्व सम्पदा), सूर्यविनायक मन्दिर, सूर्योदय र सूर्यास्त देखिने नगरकोट आदि ।

## २.६ स्थानीय निकायको प्राथमिकता तथा लक्षहरू

### क. लक्ष्य

सहभागितामुलक कार्य प्रणलीको माध्यमबाट लैगिंक समता तथा सुशासन कायम गरेर दिगो विकास गर्ने ।

### ख.मूख्य उद्देश्य

१. जनताको आर्थिक एवं सामाजिक जीवनस्तरमा परिवर्तन ल्याउन रोजगारी अभिवृद्दि हुने क्षेत्रलाई उच्च प्राथमिकता दिने ।
२. महिला, जेष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका वर्गको विकासमा प्राथमिकता दिई समावेशी विकासलाई जोड दिने ।
३. आन्तरिक स्रोत अभिवृद्धि गर्दै आत्मनिर्भरता तर्फ अघि बढाउन पहल गर्ने ।
४. आर्थिक तथा भौतिक पूर्वाधारको विकासका साथै जनसहभागितामूखी सामाजिक परिचालनद्वारा गरिबी न्यूनीकरणमा विशेष जोड दिने ।

### ग. प्राथमिकताका आधारहरु

- नेपालको अन्तरिम संविधान, २०६३ ले परिलक्षित गरेका निर्देशक सिद्धान्त तथा नीतिहरु,
- आवधिक योजनाले निर्धारण गरेका अवधारणा, उद्देश्य तथा प्राथमिकताहरु,
- सहस्राब्दी विकास लक्ष्यले निर्धारण गरेको प्रमुख क्षेत्रहरु,
- स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ तथा जि.वि.स. अनुदान संचालन कार्यविधि,२०६७ ले निर्दिष्ट गरेको व्यवस्थाहरु,
- राष्ट्रिय योजना आयोगबाट प्राप्त आर्थिक वर्ष २०६९/७० को कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन,
- स्थानीय विकास मन्त्रालयबाट समय समयमा प्राप्त मार्गदर्शन तथा निर्देशनहरु,
- माननीय सभासद्ज्यूहरु, राजनैतिक दल, विषयगत कार्यालय, गै.स.स., निजी क्षेत्र तथा नागरिक समाजबाट प्राप्त सुझावहरु
- वडा नागरिक मंच, गाउँ परिषद्, इलाका स्तर, विषयगत समिति, एकीकृत योजना तर्जुमा समिति हुँदै सहभागितामूलक योजना तर्जुमा प्रकृयाद्वारा प्राथमिकीकरण सहित प्राप्त योजना तथा सुझावहरु ।

## घ.मुख्य नीति

## क) सामाजिक तथा जनसंख्याः

### १.महिला

- निर्णय प्रक्रिया र आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा महिलाहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लैङ्गिक विभेदलाई कम गरिनेछ।
- महिला माथि हुने घरेलु हिंसा नियन्त्रण गर्न सरोकारवालाहरु समेतको सहभागितामा जनचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछन्।
- महिला प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालनका लागि सम्बन्धित निकायहरुसँग समन्वय गरिनेछ।
- महिला विरुद्धका हिंसा नियन्त्रणका लागि उजुरी सुन्ने डेस्क स्थापना गरिएको छ भने यसको नियन्त्रणका लागि सामाजिक जागरण वढाउने कार्यमा सवै सरकारी तथा गैर सरकारी संघ संस्था एवं सामुदायिक संगठनहरुसँग सहकार्य अभिवृद्धि गर्दै महिलालाई व्यवसायिकतातर्फ उन्मुख गराउन आवश्यक सीपमुलक तालिम प्रदान गरी आत्मनिर्भर बनाउँदै लगिनेछ।

### २. वालवालिका

- जिल्लास्थित शिक्षा श्रोतकेन्द्रहरुको संयोजन तथा गैरसरकारी संस्थाहरुको सहयोगमा प्रत्येक गाविसमा बाल क्लव गठन, बालसंरक्षण तथा सम्वर्द्धन समितिको गठन तथा सहजीकरण गरी जिल्लास्तरीय बाल क्लब तथा वालसंरक्षण सञ्जालको क्षमता विकास र सुदृढीकरणको नीति अवलम्वन गरिनेछ।
- वालवालिकाहरु माथि हुने जघन्य प्रकारका हिंसा, दुर्व्यवहार तथा शोषणलाई सम्बन्धित सबै निकायहरुसँगको सहकार्यमा नियन्त्रण गर्ने नीति अवलम्वन गरिनेछ।
- बालमैत्री स्थानीय निकाय निर्माण गर्न जिविसबाट रणनीतिक योजना तर्जुमा गरी सो बमोजिम वालमैत्री स्थानीय निकाय बनाउन पहल गरिनेछ।
- प्रारम्भिक वालविकास कार्यक्रमलाई थप सुदृढीकरण गरिनेछ।

### ३. दलित वर्ग, आदिवासी/जनजाति

- दलितहरुको परम्परागत सीप तथा पेशालाई आधुनिकीकरण गर्दै नयाँ सीप तथा स्वरोजगारमुखी कार्यक्रम संचालन गरिनेछ।
- समाजमा रहेको छुवाछुत तथा सामाजिक विभेद उन्मूलनको निम्ति आवश्यक पहल गरिनेछ।
- लक्षित कार्यक्रममा छुट्याइने बजेट कार्यान्वयनको प्रभावकारितामा विशेष जोड दिइनेछ।
- सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत राज्यले सुविधा उपलब्ध गराउने लक्षित समूहको लगत अद्यावधिक गरी
- राखिनेछ साथै त्यस्तो रकमको भुक्तानी क्रमशः बैंकिङ्ग प्रणाली मार्फत गरिने तर्फ पहल गरिनेछ।
- गाविसस्तरीय आदिवासी/जनजाति, दलित वर्ग उत्थान, महिला समन्वय समितिहरु गठन गर्न पहल गरिनेछ।

**४.अपाङ्गता**

- सबै निकायहरुमा भौतिक संरचना निर्माण गर्दा अपाङ्गमैत्री बनाउन उत्प्रेरित गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको लागि सशक्तिकरणका कार्यक्रमहरु संचालन गर्नुका साथै समुदायमा आधारित पुनर्स्थापना गर्ने कार्यलाई विशेष जोड दिइनेछ ।
- भक्तपुरमा गठित अपाङ्ग समन्वय समितिलाई अपाङ्गको समस्या पहिचान र कार्यक्रम तयार गर्न प्रोत्साहन गरिनेछ ।

**५. शिक्षा**

- जिल्लाको निरक्षरता उन्मूलनका लागि सम्बन्धित विकास साझेदारहरुसँग समन्वय गरी कार्यक्रमहरु संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- विद्यालयहरुलाई प्रदान गरिंदै आएको सहयोग कार्यक्रमलाई विद्यार्थी संख्या र आवश्यकताका आधारमा निरन्तरता दिइनेछ ।
- सामुदायिक विद्यालयहरुको गुणस्तरीय शैक्षिक विकासको लागि स्वस्थ प्रतिस्पर्धा गराउन एस.एल.सी.मा उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- निजी सार्वजनिक साझेदारीको अवधारणा अनुसार सरकारी तथा निजी संस्थाहरुको शैक्षिक गुणस्तरमा अझै अभिवृद्धि गरी यस जिल्लालाई शैक्षिक पर्यटन केन्द्रका रुपमा विकास गर्न पहल गरिनेछ ।

**६.स्वास्थ्य**

- स्वास्थ्य क्षेत्रलाई अत्यावश्यक र आधारभूत तथा स्वास्थ्यलाई मौलिक अधिकारको रुपमा स्थापित गर्दै तत्सम्बन्धी कार्यविधिहरु मार्फत क्रियाकलापहरु सम्पादन गरिनेछ तथा स्वास्थ्यको पहुँच सर्वसाधारणमा सहज तुल्याउने नीति अवलम्वन गरिनेछ ।
- स्वास्थ्य तथा उपस्वास्थ्य चौकीहरुमा भौतिक पूर्वाधार विकास तथा स्तरवृद्धि गर्दै स्वास्थ्य क्षेत्रबाट सम्पादन गर्ने सेवालाई समयानुकुल गुणस्तरीय बनाउन पहल गरिनेछ ।
- अधिकांश ग्रामीण महिलाहरु प्रजनन् स्वास्थ्य समस्याबाट ग्रसित रहेको तथ्यलाई ध्यानमा राखी आवश्यक कार्यक्रम संचालनका लागि गा.वि.स.हरुलाई उत्प्रेरित गरिनेछ ।
- एच.आई.भी. एड्स लगायतका अन्य सरुवा रोगहरुको नियन्त्रणका लागि यस क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघसंस्था बीच समन्वय अभिबृद्धि गरी जिल्ला एड्स समन्वय समितिलाई समन्वयकारी संस्थाको रुपमा सुदृढ गरिनेछ ।
- मानव अंग प्रत्यारोपण इकाईको स्थापना गर्ने मन्त्रिपरिषद्को निर्णय भै सकेको भक्तपुर अस्पताललाई विशेषज्ञ अस्पतालको रुपमा विकास गरी उपत्यकामा रहेका अन्य अस्पतालहरुको चाप समेत कम गर्ने गरी सेवा सुविधा विस्तार गर्ने तर्फ पहल गरिनेछ ।
- भक्तपुर जिल्लामा एम्बुलेन्स सेवा प्रदायक संस्था धेरै भएपनि छुट्टाछुट्टै रुपमा सेवा प्रदान गर्दा प्रभावकारी हुन नसकेको अनुभूति भएकोले एकद्वार प्रणालीबाट जिल्लामा एम्बुलेन्स सेवा संचालन गर्ने व्यवस्था गरिनेछ । यसको लागि जिल्ला विकास समितिबाट अनुदानको समेत व्यवस्था गरिनेछ ।

**७.जेष्ठ नागरिक**

- जेष्ठ नागरिकहरुको अनुभव र सीपलाई सामाजिक तथा आर्थिक विकासको कार्यमा उपयोग गरी उनीहरुको जीवन सहज, सुरक्षित र सम्मानित गराउने नीति अवलम्वन गरिनेछ ।

- जेष्ठ नागरिकहरुको आध्यात्मिक चिन्तन र एक अर्काका भावना आदान प्रदान गर्न तथा समाजमा उनीहरुको जीवनलाई मर्यादित बनाउन सरकारी, गैरसरकारी, सहकारी, निजी तथा स्थानीय संघ संस्थाहरुको समन्वय र सहकार्यमा विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

**८.गैसस/उपभोक्ता समिति**

- उपभोक्ता समितिद्वारा संचालित कुनै पनि योजना सम्पन्न भएपछि सो योजनाको बारेमा प्राविधिकबाट कार्यसम्पन्न प्रतिवेदन र फरफारक नभएका त्यस्ता उपभोक्ता समिति तथा समितिका पदाधिकारीहरुलाई पुनः अर्को योजनाका लागि सम्झौता नगरिने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- विभिन्न क्षेत्रमा कार्यरत गैससहरुको तथ्यांकलाई अद्यावधिक गर्दै ती क्षेत्रको कार्यलाई थप व्यवस्थित बनाउन सहभागिता, साझेदारीता तथा समन्वयको व्यवस्थालाई प्रभावकारी बनाइनेछ ।
- सामाजिक परिचालनलाई समाज रुपान्तरणको प्रमुख आधारका रुपमा लिइनेछ ।

**९.युवा तथा खेलकुद**

- समाज विकासको सबैभन्दा महत्वपूर्ण शक्तिको रुपमा रहेको युवाहरुका लागि स्वरोजगारमूलक सीप तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- खेलकुद विकासका लागि आवश्यक खेल मैदान तथा पूर्वाधार विकासको नीतिलाई निरन्तरता दिइनेछ ।

**१०.संस्कृति तथा पर्यटन**

- जिल्ला पर्यटन विकास समितिलाई सुदृढ गर्दै जिल्ला पर्यटन विकास तथा व्यवस्थापन योजना अनुरुपका क्रियाकलापहरु निजी क्षेत्र, गैसस तथा अन्य सरकारी निकायहरुसँग समन्वय गरी आ.व. २०६९/७० देखि
- कार्यान्वयन गर्दै लगिनेछ । उक्त कार्यलाई समष्टिगत रुपमा अघि बढाउन एक पर्यटन विकास विशेष कोषको स्थापना गरिनेछ ।
- परम्परागत चाडपर्व, जात्रा, कला, साहित्य, संगीत सम्बन्धी क्षेत्रको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिनेछ ।

## ख) कृषि, बन तथा वातावरण :

**१. कृषि तथा सहकारी**

- कृषिलाई व्यावसायीकरण गर्न किटनाशक औषधी तथा रासायनिक मलको प्रयोगलाई न्यूनीकरण गर्दै माटो परीक्षणलाई व्यापकता दिई एक गाउँ एक उत्पादनको नीतिलाई प्रोत्साहन गरी प्राङ्गारिक खेती बारे जनचेतना जगाउने तथा प्रोत्साहन गर्ने नीति लिइएको छ ।
- जि.वि.स.बाट योजना, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अधिकांश जनताको मूख्य आय श्रोतको रुपमा रहेको कृषि क्षेत्रमा लगानीलाई निरन्तरता दिइनेछ ।

- कृषिमा विविधिकरण, व्यावसायीकरण गरी उन्नत विउविजनको प्रयोग मार्फत जिल्लाको समग्र कृषिको उत्पादकत्व वृद्धि गर्दै लगिनेछ ।
- पशु बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै समुदाय व्यवस्थित कृषि श्रोत केन्द्रको प्रवर्द्धन गरिनेछ ।
- उपत्यकामा खपत हुने फलफूल, तरकारी तथा पशुजन्य उत्पादनलाई आय आर्जनको मुख्य श्रोतको रुपमा विकास गरी कृषकहरुलाई आत्मनिर्भर गराउन विशेष जोड दिइनेछ ।
- जिल्लाको भौगोलिक बनावटलाई दृष्टिगत गरी च्याउ, कुरिलो जस्ता नगदे तथा बेमौसमी तरकारी खेती, अन्नवाली, फलफूल, व्यवसायिक पुष्प खेतीलाई प्रवर्द्धन गरी आधुनिक कृषि प्रणाली एवं व्यावसायीकरणलाई जोड दिइनेछ ।
- कानून बमोजिम स्थापित सहकारी संस्थालाई योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन प्रक्रियामा सहभागी गराउँदै लगिनेछ ।
- अन्तर्राष्ट्रिय सहकारी वर्ष, २०१२ लाई सफल तुल्याउन सरोकारवालाहरुसँग समन्वय गरी विविध कार्यक्रमहरु संचालन गरिने छन् ।

**२. वन, वातावरण तथा भूसंरक्षण**

- विकास योजना संचालन गर्दा वातावरणीय प्रभाव मूल्यांकन गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ साथै जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न सम्बन्धित निकायको सहकार्यमा विशेष कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिनेछ ।
- जिल्लाको वातावरण व्यवस्थापनको लागि जनस्तरमा चेतना अभिवृद्धिका कार्यक्रमहरु संचालन गर्दै वातावरण संरक्षणमा स्थानीय जनताको सहभागिताको अभिवृद्धि गरिनेछ ।
- जिल्लामा रहेका खानीहरु लगायत अन्य कलकारखानाहरु, जिल्लामा संचालित इट्टा भट्टा तथा क्रसर उद्योगको संचालनलाई वातावरण मैत्री बनाउने प्रयास गरिनेछ । साथै जिल्लाको समष्टिगत वातावरणीय पक्षको अवस्था मूल्यांकन गरिनेछ ।
- सामुदायिक वन उपभोक्ता महासंघसँग साझेदारीमा कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ ।

**३. भूमि**

- सरकारी तथा सार्वजनिक जग्गा, गुठी लगायतका जग्गाको संरक्षणका लागि आवश्यक पहल गरिनेछ ।
- भूमि माथिको द्वैध स्वामित्वको अन्त्य गर्न मोही र जग्गाधनी बीचको जग्गा बाँडफाँडको प्रकृया हाल स्थगित
- रहेकोले सोबाट जिल्लावासीहरुलाई पर्न गएको असुविधालाई मध्यनजर गर्दै सो स्थगित भएको कार्यलाई
- निरन्तरताका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

**४. सिंचाई**

- साना सिंचाई कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## ग) भौतिक पूर्वाधार तथा संरचना विकास :

### १. खानेपानी तथा सरसफाई

- विगतमा निर्माण भई संचालनमा रहेका खानेपानी आयोजनाहरुको समयानुकुल मर्मत सम्भारको व्यवस्था गरी यसको दिगोपनको लागि सम्बन्धित उपभोक्ताहरुलाई जिम्मेवार बनाइनेछ।
- जिल्लाभरी स्वच्छ तथा सफा खानेपानीको उपलब्धताको लागि क्रमशःथप कार्यक्रमहरु संचालन गरिनेछन्।
- भक्तपुरको खानेपानीको आवश्यकतालाई दीर्घकालिनरुपमा व्यवस्थापन गर्न जिल्लाभित्रका खानेपानीका स्रोतहरुको पहिचान गरी संरक्षण गर्न जरुरी भएकोले प्रथमत मुहानपोखरीमा खानेपानी स्रोत भण्डारण तथा व्यवस्थापन गर्न अध्ययन तथा सर्वेक्षण कार्य शुरु गर्न पहल गरिनेछ।
- भक्तपुर जिल्लालाई सन् २०१५ सम्ममा खुल्ला दिशामुक्त क्षेत्र बनाइनेछ। आगामी आ.व. ०६९/७० मा सिरुटार, गुण्डु, नगरकोट र सुडाल गा.वि.स.लाई खुला दिशामुक्त क्षेत्र बनाउन संयुक्त एवं समन्वयात्मक रुपमा कार्य गरिनेछ।

### २. प्रकोप व्यवस्थापन

- प्रकोपबाट जिल्लावासीको सुरक्षाको लागि प्रकोप सम्बन्धी सूचना प्रवाह तथा सचेतनामूलक कार्यक्रमहरु समन्वयात्मक रुपमा संचालनमा विशेष जोड दिइनेछ।
- जिल्ला विकास समिति सहित जिल्लास्थित विभिन्न निकायहरुको पहलमा तयार भएको प्रकोप व्यवस्थापन रणनीति क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।

### ३. विद्युत/उर्जा

- हालै मात्र जिविसमा स्थापना भएको वैकल्पिक उर्जा तथा वातावरण शाखालाई व्यवस्थित गर्दै वैकल्पिक उर्जा तथा वातावरणसँग सम्बन्धित कार्यक्रमहरु संचालन गरिनेछन्।

### ४. सडक

- भक्तपुरको चक्रपथ सडक निर्माण कार्यलाई प्रभावकारीरुपमा सम्पादन गर्न चक्रपथको बाँकी खण्डको विस्तृत
  योजना सर्वेक्षण (DPR) कार्य सम्पन्न गर्दै निश्चित विन्दुबाट सडक निर्माण कार्य अगाडि बढाउने नीति लिइनेछ।
- पर्यटकीय, धार्मिक महत्वका सडकसम्म जोड्ने तथा अन्तर गा.वि.स. र अन्तर जिल्ला जोड्ने सडकहरुलाई प्राथमिकतामा राखी छनौट गरिनेछ।
- जिल्ला यातायात गुरुयोजना (DTMP) को प्राथमिकतामा परेका सडक आयोजनाहरुलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्दै लगिनेछ।
- जिल्लाले छनौट गरी संचालन हुने प्रत्येक आयोजनाहरुको मर्मत सम्भार कोषमा रकम राख्ने व्यवस्थालाई अनिवार्य गरिनेछ।

### ५. शहरी विकास

- नगरोन्मूख गा.वि.स. र नगरपालिका क्षेत्रमा जमीनमा भइरहेको खण्डिकरणलाई रोकी व्यवस्थित शहरीकरणका

- लागि हाल कायम रहेको मापदण्डमा सुधार गर्न सम्बन्धित निकायमा पहल गरिनेछ।

**घ) सुशासन:**

**१. संगठन**

- कार्यालयबाट सम्पादन हुने कार्यहरुलाई आधुनिक सूचना प्रणालीमा आवद्ध गराई चुस्त, दुरुस्त र प्रभावकारी वनाउन थप कार्य गरिनेछ।
- त्रि-वर्षीय क्षमता विकास योजना अनुरुप जि.वि.स., गा.वि.स., राजनैतिक दल, गै.स.स., नागरिक समाज, निजी क्षेत्र लगायतका सरोकारवालाहरुको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ।
- जि.वि.स.को कार्यालयको विद्यमान संगठन संरचनालाई प्रभावकारी, समयसापेक्ष एवं सेवामूलक तुल्याइनेछ।
- जि.वि.स.को कार्यालय संचालन भई आएको भवन अत्यन्त साँघुरो भई कार्यालय संचालनमा अप्ठ्यारो महशूस भएकोले नयाँ भवन संरचना तयार गर्न यसै आ.व.बाट जग्गा खरिद प्रक्रियालाई अघि बढाइनेछ।
- जिल्लामा संचालन हुने कार्यक्रमहरुलाई अझ प्रभावकारी र पारदर्शी बनाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।
- गत विगतमा संचालित अधुरा योजनाहरुको बाँकी रहेका पेश्कि बेरुजुको रुपमा रहि रहेकोले कामको मुल्याँकनको आधारमा पेश्कि फछ्र्यौट गरी बेरुजु कम गर्ने नीति अबलम्बन गरिनेछ।

**२. योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन**

- योजना तर्जुमा एवं कार्यान्वयन प्रक्रियामा सवै सरोकारवालाहरुको सहभागिता सुनिश्चित गरिनेछ।
- पूर्वाधारहरुको पुननिर्माण तथा पुर्नस्थापनामा विशेष जोड दिइनेछ।
- योजनाहरुको अनुगमन तथा मूल्यांकन कार्यलाई उच्च प्राथमिकता प्रदान गरिनेछ।

**३. सूचना तथा संचार**

- जिल्ला सूचना तथा अभिलेख केन्द्रलाई सूचना बैंकको रुपमा व्यवस्थित गर्दै लगिनेछ।
- जिल्लाको विकास निर्माण लगायत विविध गतिविधिहरुको सकारात्मक सूचना प्रवाह गर्ने संचार
- माध्यम/प्रतिनिधिलाई पुरस्कृत गर्दै लाने नीति लिइनेछ।
- विषयगत कार्यालय, गैसस, सहकारी एवं अन्य निकायहरु समेतको सहभागितामा एकीकृत अनुगमन तथा मूल्यांकन प्रणालीलाई संस्थागत गर्दै सामुहिक जवाफदेहिता वहन गर्ने परिपाटीलाई प्रभावकारी बनाइनेछ।

**४. सामाजिक परिचालन**

- गाउँ विकास कार्यक्रमलाई निरन्तरता दिँदै गरिबी न्यूनीकरणमा जोड दिइनेछ। स्थानीय विकास कोषलाई सामाजिक परिचालन इकाईको रुपमा स्थापित गर्दै जि.वि.स.वाट संचालित हुने सामाजिक

परिचालनका कार्यक्रमहरु सामान्यतया स्थानीय विकास कोष मार्फत नै संचालन गरिने नीति लिइएको छ ।

## ३. गत वर्ष (आ.ब. २०७०।७१) को मूख्य मूख्य उपलब्धिहरु

- स्थानीय निकाय वित्तीय आयोगद्वारा गरिएको न्यूनतम शर्त तथा कार्यसम्पादन मापनमा जिल्ला विकास समिति, भक्तपुरले पाँचौ स्थान प्राप्त गरि थप अनुदान प्राप्त गर्न सफल भएको छ । यसै गरी जिल्लाका १६ वटै गाउँ विकास समितिहरु न्यूनतम शर्त मापनमा सफल भएका छन् ।
- उपभोक्ताहरुले गत आ.व.मा संचालन गरेका सबै योजनाहरुको सार्वजनिक परीक्षण सम्पन्न गरिएको छ ।
- भक्तपुरको पर्यटकीय सम्भावनालाई व्यवस्थित रुपमा अघि बढाउन नेपाल पर्यटन वोर्डसँगको साझेदारीमा भक्तपुर जिल्लाको पर्यटन विकास तथा व्यवस्थापन योजना तयार गरिएको छ ।
- लेखा परीक्षणको बेरुजु अंक र पेश्की बाँकी अंकमा उल्लेखनीय सुधार आएको छ ।
- भक्तपुर चक्रपथको विस्तृत आयोजना सर्वेक्षण (DPR) तयार गर्ने कार्य आंशिक रुपमा पूरा भएको छ ।
- क्षमता बिकास तालिम संचालन ।
- ग्रैह सरकारी संस्था नियमित अनुगमन र पृष्ठपोषण ।
- गाविस हरुको क्षमता अभिवृद्धि र संस्थागत विकास ।
- ग्रमीीण क्षेत्रमा सडक संजाल विस्तार ।
- गरिब दलित तथा जेहन्दार बालबालिका हरुलाई लक्षित गरी शिक्षा क्षेत्रमा सहयोग ।
- एल.जि.सि.डी.पी कार्यक्रम अन्तर्गत भौतिक निर्माण तथा सामाजिक परिचालन कार्यक्रमा प्रभावकारिता ।

## ४. यसवर्षको मुख्य मुख्य उपलब्धिहरू

## क. नीतिगत विश्लेषण

| बिषय | नीति | कार्यान्वयनको अवस्था | | | थप पुस्ट्याई |
|---|---|---|---|---|---|
| | | भएको | आंसिक रुपमा भएको | नभएको | |
| **महिला** | निर्णय प्रक्रिया र आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा महिलाहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लैङ्गिक विभेदलाई कम गरिनेछ | ✓ | | | |
| | महिला माथि हुने घरेलु हिंसा नियन्त्रण गर्न सरोकारवालाहरु समेतको सहभागितामा जनचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछन् | | ✓ | | |
| | महिला प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालनका लागि सम्बन्धित निकायहरुसँग समन्वय गरिनेछ । | | ✓ | | |
| | महिला विरुद्धका हिंसा नियन्त्रणका लागि उजुरी सुन्ने डेस्क स्थापना गरिएको छ | | ✓ | | शुरुवात भएको |
| | सामाजिक जागरण वढाउने कार्यमा सवै सरकारी तथा गैर सरकारी संघ संस्था एवं सामुदायिक संगठनहरुसँगसहकार्य अभिवृद्धि गर्दै महिलालाई व्यवसायिकतातर्फ उन्मुख गराउन आवश्यक सीपमुलक तालिम प्रदान गरी आत्मनिर्भर बनाउँदै लगिनेछ | | ✓ | | |
| **वालवालिकाहरु** | | | | | |
| | जिल्लास्थित शिक्षा श्रोतकेन्द्रहरुको संयोजन तथा गैरसरकारी संस्थाहरुको सहयोगमा प्रत्येक गाविसमा बाल क्लव गठन, | | ✓ | | |

| बिषय | नीति | कार्यान्वयनको अवस्था | | | थप पुस्ट्याई |
|---|---|---|---|---|---|
| | | भएको | आंसिक रुपमा भएको | नभएको | |
| | बालसंरक्षण तथा सम्वर्द्धन समितिको गठन तथा सहजीकरण गरी जिल्लास्तरीय बाल क्लब तथा वालसंरक्षण सञ्जालको क्षमता विकास र सुदृढीकरणको नीति अवलम्वन गरिनेछ। | | | | |
| | वालवालिकाहरु माथि हुने जघन्य प्रकारका हिंसा, दुर्व्यवहार तथा शोषणलाई सम्बन्धित सबै निकायहरुसँगको सहकार्यमा नियन्त्रण गर्ने नीति अवलम्वन गरिनेछ। | | ✓ | | |
| | बालमैत्री स्थानीय निकाय निर्माण गर्न जिविसबाट रणनीतिक योजना तर्जुमा गरी सो बमोजिम वालमैत्री स्थानीय निकाय बनाउन पहल गरिनेछ। | | ✓ | | **रणनीतिक योजना बनाउन विभिन्न चरणमा छलफल गरिएको।** |
| | प्रारम्भिक वालविकास कार्यक्रमलाई थप सुदृढीकरण गरिनेछ। | | ✓ | | |
| | **३. दलित वर्ग, आदिवासी/जनजाति** | | | | |
| | दलितहरुको परम्परागत सीप तथा पेशालाई आधुनिकीकरण गर्दै नयाँ सीप तथा स्वरोजगारमुखी कार्यक्रम संचालन गरिनेछ। | | ✓ | | |
| | समाजमा रहेको छुवाछुत तथा सामाजिक विभेद उन्मूलनको निम्ति आवश्यक पहल गरिनेछ।<br><br>लक्षित कार्यक्रममा छुट्याइने बजेट कार्यान्वयनको प्रभावकारितामा विशेष जोड दिइनेछ। | | ✓ | | |
| | सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत राज्यले सुविधा उपलब्ध गराउने | | | ✓ | |

| बिषय | नीति | कार्यान्वयनको अवस्था | | | थप पुस्ट्याई |
|---|---|---|---|---|---|
| | | भएको | आंसिक रुपमा भएको | नभएको | |
| | लक्षित समूहको लगत अद्यावधिक गरीराखिनेछ साथै त्यस्तो रकमको भुक्तानी क्रमशः बैंकिङ्ग प्रणाली मार्फत गरिने तर्फ पहल गरिनेछ । | | | | |
| | गाविसस्तरीय आदिवासी/जनजाति, दलित वर्ग उत्थान, महिला समन्वय समितिहरु गठन गर्न पहल गरिनेछ । | | | ✓ | |
| | **४.अपाङ्गता** | | | | |
| | सबै निकायहरुमा भौतिक संरचना निर्माण गर्दा अपाङ्गमैत्री बनाउन उत्प्रेरित गरिनेछ । | | ✓ | | अपाङ्गमैत्री योजना बनाउन शुरुवात गरिएको |
| | अपाङ्गता भएका व्यक्तिहरुको लागि सशक्तिकरणका कार्यक्रमहरु संचालन गर्नुका साथै समुदायमा आधारित पुनर्स्थापना गर्ने कार्यलाई विशेष जोड दिइनेछ । | ✓ | | | |
| | भक्तपुरमा गठित अपाङ्ग समन्वय समितिलाई अपाङ्गको समस्या पहिचान र कार्यक्रम तयार गर्न प्रोत्साहन गरिनेछ । | ✓ | | | |
| | भक्तपुरमा गठित अपाङ्ग समन्वय समितिलाई अपाङ्गको समस्या पहिचान र कार्यक्रम तयार गर्न प्रोत्साहन गरिनेछ । | ✓ | | | |
| | **शिक्षा** | | | | |
| | जिल्लाको निरक्षरता उन्मूलनका लागि सम्बन्धित विकास साझेदारहरुसँग समन्वय गरी कार्यक्रमहरु संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ । | ✓ | | | |

| बिषय | नीति | कार्यान्वयनको अवस्था | | | थप पुस्ट्याई |
|---|---|---|---|---|---|
| | | भएको | आंसिक रुपमा भएको | नभएको | |
| | विद्यालयहरुलाई प्रदान गरिँदै आएको सहयोग कार्यक्रमलाई विद्यार्थी संख्या र आवश्यकताका आधारमा निरन्तरता दिइनेछ । | ✓ | | | |
| | सामुदायिक विद्यालयहरुको गुणस्तरीय शैक्षिक विकासको लागि स्वस्थ प्रतिस्पर्धा गराउन एस.एल.सी.मा उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिइनेछ । | ✓ | | | |
| | निजी सार्वजनिक साझेदारीको अवधारणा अनुसार सरकारी तथा निजी संस्थाहरुको शैक्षिक गुणस्तरमा अझै अभिवृद्धि गरी यस जिल्लालाई शैक्षिक पर्यटन केन्द्रका रुपमा विकास गर्न पहल गरिनेछ । | | | ✓ | |
| | **६.स्वास्थ्य** | | | | |
| | स्वास्थ्य क्षेत्रलाई अत्यावश्यक र आधारभूत तथा स्वास्थ्यलाई मौलिक अधिकारको रुपमा स्थापित गर्दै तत्सम्बन्धी कार्यविधिहरु मार्फत क्रियाकलापहरु सम्पादन गरिनेछ तथा स्वास्थ्यको पहुँच सर्वसाधारणमा सहज तुल्याउने नीति अवलम्वन गरिनेछ । | | ✓ | | |
| | स्वास्थ्य तथा उपस्वास्थ्य चौकीहरुमा भौतिक पूर्वाधार विकास तथा स्तरवृद्धि गर्दै स्वास्थ्य क्षेत्रबाट सम्पादन गर्ने सेवालाई समयानुकुल गुणस्तरीय बनाउन पहल गरिनेछ । | | ✓ | | |
| | अधिकांश ग्रामीण महिलाहरु प्रजनन् स्वास्थ्य समस्याबाट ग्रसित रहेको तथ्यलाई ध्यानमा राखी आवश्यक कार्यक्रम संचालनका लागि | | ✓ | | |

| बिषय | नीति | कार्यान्वयनको अवस्था | | | थप पुस्ट्याई |
|---|---|---|---|---|---|
| | | भएको | आंसिक रुपमा भएको | नभएको | |
| | गा.वि.स.हरुलाई उत्प्रेरित गरिनेछ। | | | | |
| | एच.आई.भी. एड्स लगायतका अन्य सरुवा रोगहरुको नियन्त्रणका लागि यस क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघसंस्था बीच समन्वय अभिबृद्धि गरी जिल्ला एड्स समन्वय समितिलाई समन्वयकारी संस्थाको रुपमा सुदृढ गरिनेछ। | | ✓ | | |
| | मानव अंग प्रत्यारोपण इकाईको स्थापना गर्ने मन्त्रिपरिषद्को निर्णय भै सकेको भक्तपुर अस्पताललाई विशेषज्ञ अस्पतालको रुपमा विकास गरी उपत्यकामा रहेका अन्य अस्पतालहरुको चाप समेत कम गर्ने गरी सेवा सुविधा विस्तार गर्ने तर्फ पहल गरिनेछ। | | ✓ | | **टहरा तथा पार्किंग स्थल बनाउन पहल गरेको।** |
| | भक्तपुर जिल्लामा एम्बुलेन्स सेवा प्रदायक संस्था धेरै भएपनि छुट्टाछुट्टै रुपमा सेवा प्रदान गर्दा प्रभावकारी हुन नसकेको अनुभूति भएकोले एकद्वार प्रणालीबाट जिल्लामा एम्बुलेन्स सेवा संचालन गर्ने व्यवस्था गरिनेछ। यसको लागि जिल्ला विकास समितिबाट अनुदानको समेत व्यवस्था गरिनेछ। | | | ✓ | |
| | **७.जेष्ठ नागरिक** | | | | |
| | जेष्ठ नागरिकहरुको अनुभव र सीपलाई सामाजिक तथा आर्थिक विकासको कार्यमा उपयोग गरी उनीहरुको जीवन सहज, सुरक्षित र सम्मानित गराउने नीति अवलम्वन गरिनेछ। | ✓ | | | |
| | जेष्ठ नागरिकहरुको आध्यात्मिक चिन्तन र एक अर्काका भावना आदान प्रदान गर्न तथा समाजमा उनीहरुको जीवनलाई मर्यादित | ✓ | | | |

| बिषय | नीति | कार्यान्वयनको अवस्था | | | थप पुस्ट्याई |
|---|---|---|---|---|---|
| | | भएको | आंसिक रुपमा भएको | नभएको | |
| | बनाउन सरकारी, गैरसरकारी, सहकारी, निजी तथा स्थानीय संघ संस्थाहरुको समन्वय र सहकार्यमा विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ। | | | | |
| | **८.गैसस/उपभोक्ता समिति** | | | | |
| | उपभोक्ता समितिद्वारा संचालित कुनै पनि योजना सम्पन्न भएपछि सो योजनाको बारेमा प्राविधिकबाट कार्यसम्पन्न प्रतिवेदन र फरफारक नभएका त्यस्ता उपभोक्ता समिति तथा समितिका पदाधिकारीहरुलाई पुनःअर्को योजनाका लागि सम्झौता नगरिने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। | ✓ | | | |
| | विभिन्न क्षेत्रमा कार्यरत गैससहरुको तथ्यांकलाई अद्यावधिक गर्दै ती क्षेत्रको कार्यलाई थप व्यवस्थित बनाउनसहभागिता, साझेदारीता तथा समन्वयको व्यवस्थालाई प्रभावकारी बनाइनेछ। | ✓ | | | |
| | सामाजिक परिचालनलाई समाज रुपान्तरणको प्रमुख आधारका रुपमा लिइनेछ। | | ✓ | | |
| | **९.युवा तथा खेलकुद** | | | | |
| | युवाहरुका लागि स्वरोजगारमूलक सीप तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ। | | ✓ | | |
| | खेल मैदान तथा पूर्वाधार विकासको नीतिलाई निरन्तरता दिइनेछ | | ✓ | | |

| बिषय | नीति | कार्यान्वयनको अवस्था | | | थप पुस्ट्याई |
|---|---|---|---|---|---|
| | | भएको | आंसिक रुपमा भएको | नभएको | |
| | **१०.संस्कृति तथा पर्यटन** | | | | |
| | जिल्ला पर्यटन विकास समितिलाई सुदृढ गर्दै जिल्ला पर्यटन विकास तथा व्यवस्थापन योजना अनुरुपका क्रियाकलापहरु निजी क्षेत्र, गैसस तथा अन्य सरकारी निकायहरुसँग समन्वय गरी आ.व. २०६९/७० देखि कार्यान्वयन गर्दै लगिनेछ। उक्त कार्यलाई समष्टिगत रुपमा अघि बढाउन एक पर्यटन विकास विशेष कोषकोस्थापना गरिनेछ। | | ✓ | | |
| | परम्परागत चाडपर्व, जात्रा, कला, साहित्य, संगीत सम्बन्धी क्षेत्रको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनात्मक कार्यक्रमसंचालन गर्न प्रोत्साहन गरिनेछ। | ✓ | | | |
| **ख)** | **कृषि, बन तथा वातावरण :** | | | | |
| | किटनाशक औषधी तथा रासायनिक मलको प्रयोगलाई न्यूनीकरण गर्दै माटो परीक्षणलाई व्यापकता दिई एक गाउँ एक उत्पादनको नीतिलाई प्रोत्साहन गरी प्राङ्गारिक खेती बारे जनचेतनाजगाउने तथा प्रोत्साहन गर्ने नीति लिइएको छ। | | ✓ | | |
| | **कृषि तथा सहकारी**<br><br>कृषिलाई व्यावसायीकरण गर्न जि.वि.स.बाट योजना, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अधिकांश जनताको मूख्य आय श्रोतको रुपमा रहेको कृषि क्षेत्रमा लगानीलाई निरन्तरता दिइनेछ | | ✓ | | |

| बिषय | नीति | कार्यान्वयनको अवस्था | | | थप पुस्ट्याई |
|---|---|---|---|---|---|
| | | भएको | आंसिक रुपमा भएको | नभएको | |
| | कृषिमा विविधिकरण, व्यावसायीकरण गरी उन्नत विउविजनको प्रयोग मार्फत जिल्लाको समग्र कृषिकोउत्पादकत्व वृद्धि गर्दै लगिनेछ । | | ✓ | | |
| | पशु वीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै समुदाय व्यवस्थित कृषि श्रोत केन्द्रको प्रवर्द्धन गरिनेछ । | | ✓ | | |
| | उपत्यकामा खपत हुने फलफूल, तरकारी तथा पशुजन्य उत्पादनलाई आय आर्जनको मुख्य श्रोतको रुपमा विकास गरी कृषकहरुलाई आत्मनिर्भर गराउन विशेष जोड दिइनेछ । | | ✓ | | |
| | जिल्लाको भौगोलिक बनावटलाई दृष्टिगत गरी च्याउ, कुरिलो जस्ता नगदे तथा बेमौसमी तरकारी खेती,अन्नवाली, फलफूल, व्यवसायिक पुष्प खेतीलाई प्रवर्द्धन गरी आधुनिक कृषि प्रणाली एवं व्यावसायीकरणलाई जोड दिइनेछ । | | ✓ | | |
| | कानून बमोजिम स्थापित सहकारी संस्थालाई योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन प्रक्रियामा सहभागी गराउँदै लगिनेछ । | | ✓ | | |
| | अन्तर्राष्ट्रिय सहकारी वर्ष, २०१२ लाई सफल तुल्याउन सरोकारवालाहरुसँग समन्वय गरी विविध कार्यक्रमहरु संचालन गरिने छन् । | | | ✓ | |
| | **वन, वातावरण तथा भूसंरक्षण** | ✓ | | | |

| बिषय | नीति | कार्यान्वयनको अवस्था | | | थप पुस्ट्याई |
|---|---|---|---|---|---|
| | | भएको | आंसिक रुपमा भएको | नभएको | |
| | विकास योजना संचालन गर्दा वातावरणीय प्रभाव मूल्यांकन गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ साथै जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न सम्बन्धित निकायको सहकार्यमा विशेष कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिनेछ। | | | | |
| | जिल्लाको वातावरण व्यवस्थापनको लागि जनस्तरमा चेतना अभिवृद्धिका कार्यक्रमहरु संचालन गर्दै वातावरण संरक्षणमा स्थानीय जनताको सहभागिताको अभिवृद्धि गरिनेछ। | | | | |
| | जिल्लामा रहेका खानीहरु लगायत अन्य कलकारखानाहरु, जिल्लामा संचालित इट्टा भट्टा तथा क्रसर उद्योगको संचालनलाई वातावरण मैत्री बनाउने प्रयास गरिनेछ। साथै जिल्लाको समष्टिगत वातावरणीय पक्षको अवस्था मूल्यांकन गरिनेछ। | ✓ | | | |
| | सामुदायिक वन उपभोक्ता महासंघसँग साझेदारीमा कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ। | ✓ | | | |
| भूमि | सरकारी तथा सार्वजनिक जग्गा, गुठी लगायतका जग्गाको संरक्षणका लागि आवश्यक पहल गरिनेछ। | ✓ | | | |
| | भूमि माथिको द्वैध स्वामित्वको अन्त्य गर्न मोही र जग्गाधनी बीचको जग्गा बाँडफाँडको प्रकृया हाल स्थगित रहेकोले सोबाट जिल्लावासीहरुलाई पर्न गएको असुविधालाई मध्यनजर गर्दै सो स्थगित भएको कार्यलाई निरन्तरताका लागि सम्बन्धित निकायमा | | ✓ | | |

| बिषय | नीति | कार्यान्वयनको अवस्था | | | थप पुस्ट्याई |
|---|---|---|---|---|---|
| | | भएको | आंसिक रुपमा भएको | नभएको | |
| | पहल गरिनेछ। | | | | |
| सिंचाई | साना सिंचाई कार्यक्रमलाई निरन्तरता दिइनेछ। | | | | |
| **ग)** | **भौतिक पूर्वाधार तथा संरचना विकास :** | | | | |
| खानेपानी तथा सरसफाई | खानेपानी आयोजनाहरुको मर्मत सम्भारको व्यवस्था गरी सम्बन्धित उपभोक्ताहरुलाई जिम्मेवार बनाइनेछ | | ✓ | | |
| | जिल्लाभित्रका खानेपानीका स्रोतहरुको पहिचान गरी संरक्षण गर्न मुहानपोखरीमा खानेपानी स्रोत भण्डारण तथा व्यवस्थापन गर्न अध्ययन तथा सर्वेक्षण कार्य शुरु गर्ने | ✓ | | | |
| | भक्तपुर जिल्लालाई सन् २०१५ सम्ममा खुल्ला दिशामुक्त क्षेत्र बनाइनेछ। | ✓ | | | **गत वर्ष ७ वटा गाविसमा घोषणा गरिएकोमा यस वर्ष १६ वटै गाविसमा खुला दिशामुक्त क्षेत्र घोषणा भइसकेको** |
| | आगामी आ.व. ०६९/७० मा सिरुटार, गुण्डु, नगरकोट र सुडाल गा.वि.स.लाई खुला दिशामुक्त क्षेत्र बनाउन संयुक्त एवं समन्वयात्मक रुपमा कार्य गरिनेछ। | ✓ | | | |
| **प्रकोप व्यवस्थापन** | सम्बन्धी सूचना प्रवाह तथा सचेतनामूलक कार्यक्रमहरु समन्वयात्मक रुपमा संचालनमा विशेष जोड दिइनेछ | ✓ | | | |

| बिषय | नीति | कार्यान्वयनको अवस्था | | | थप पुस्ट्याई |
|---|---|---|---|---|---|
| | | भएको | आंसिक रुपमा भएको | नभएको | |
| | प्रकोप व्यवस्थापन रणनीति क्रमशः कार्यान्वयन गर्दै लगिनेछ। | ✓ | | | |
| विद्युत/उर्जा | हालै मात्र जिविसमा स्थापना भएको वैकल्पिक उर्जा तथा वातावरण शाखालाई व्यवस्थित गर्दै वैकल्पिक उर्जा तथा वातावरणसँग सम्बन्धित कार्यक्रमहरु संचालन गरिनेछन्। | | ✓ | | |
| सडक | भक्तपुरको चक्रपथ सडक निर्माण कार्य सम्पादन गर्न चक्रपथको बाँकी खण्डको विस्तृत योजना सर्वेक्षण (DPR) कार्य सम्पन्न गर्दै निश्चित विन्दुबाट सडक निर्माण कार्य अगाडि बढाउने नीति लिइनेछ। | ✓ | | | |
| | पर्यटकीय, धार्मिक महत्वका सडकसम्म जोड्ने तथा अन्तर गा.वि.स. र अन्तर जिल्ला जोड्ने सडकहरुलाई प्राथमिकतामा राखी छनौट गरिनेछ। | ✓ | | | |
| | जिल्ला यातायात गुरुयोजना (DTMP) को प्राथमिकतामा परेका सडक आयोजनाहरुलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्दै लगिनेछ। | ✓ | | | |
| | जिल्लाले छनौट गरी संचालन हुने प्रत्येक आयोजनाहरुको मर्मत सम्भार कोषमा रकम राख्ने व्यवस्थालाई अनिवार्य गरिनेछ। | | ✓ | | |
| शहरी विकास | नगरोन्मूख गा.वि.स. र नगरपालिका क्षेत्रमा जमीनमा भइरहेको खण्डिकरणलाई रोकी व्यवस्थित शहरीकरणका लागि हाल कायम रहेको मापदण्डमा सुधार गर्न सम्बन्धित निकायमा पहल गरिनेछ। | | ✓ | | |

| बिषय | नीति | कार्यान्वयनको अवस्था | | | थप पुस्ट्याई |
|---|---|---|---|---|---|
| | | भएको | आंसिक रुपमा भएको | नभएको | |
| **घ) सुशासनः** | | | | | |
| **संगठन** | कार्यालयबाट सम्पादन हुने कार्यहरुलाई आधुनिक सूचना प्रणालीमा आवद्ध गराई चुस्त, दुरुस्त र प्रभावकारी वनाउन थप कार्य गरिनेछ। | | ✓ | | |
| | त्रि-वर्षीय क्षमता विकास योजना अनुरुप जि.वि.स., गा.वि.स., राजनैतिक दल, गै.स.स., नागरिक समाज, निजी क्षेत्र लगायतका सरोकारवालाहरुको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ। | | | | |
| | जि.वि.स.को कार्यालयको विद्यमान संगठन संरचनालाई प्रभावकारी, समयसापेक्ष एवं सेवामूलक तुल्याइनेछ। | | ✓ | | **OD गरेको तर पूर्ण रुपमा कार्यान्वयन नभएको** |
| | सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ | ✓ | | | |
| | गत विगतमा संचालित अधुरा योजनाहरुको बाँकी रहेका पेश्कि बेरुजुको रुपमा रहि रहेकोले कामको मुल्याँकनको आधारमा पेश्कि फछ्र्यौट गरी बेरुजु कम गर्ने नीति अबलम्बन गरिनेछ। | ✓ | | | |
| **योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा** | योजना तर्जुमा एवं कार्यान्वयन प्रक्रियामा सवै सरोकारवालाहरुको सहभागिता सुनिश्चित गरिनेछ।<br><br>पूर्वाधारहरुको पुननिर्माण तथा पुर्नस्थापनामा विशेष जोड दिइनेछ।<br><br>योजनाहरुको अनुगमन तथा मूल्यांकन कार्यलाई उच्च प्राथमिकता | | ✓ | | सबै योजनामा अनुगमन हुन नसकेको नमुना छनौटको आधारमा मात्र हुने गरेको। |

| बिषय | नीति | कार्यान्वयनको अवस्था | | | थप पुस्ट्याई |
|---|---|---|---|---|---|
| | | भएको | आंसिक रुपमा भएको | नभएको | |
| **मूल्यांकन** | प्रदान गरिनेछ । | | | | |
| **सूचना तथा संचार** | जिल्ला सूचना तथा अभिलेख केन्द्रलाई सूचना बैंकको रुपमा व्यवस्थित गर्दै लगिनेछ । | ✓ | | | |
| | जिल्लाको विकास निर्माण लगायत विविध गतिविधिहरुको सकारात्मक सूचना प्रवाह गर्ने संचार माध्यम/प्रतिनिधिलाई पुरस्कृत गर्दै लाने नीति लिइनेछ । | ✓ | | | |
| | विषयगत कार्यालय, गैसस, सहकारी एवं अन्य निकायहरु समेतको सहभागितामा एकीकृत अनुगमन तथा मूल्यांकन प्रणालीलाई संस्थागत गर्दै सामुहिक जवाफदेहिता वहन गर्ने परिपाटीलाई प्रभावकारी बनाइनेछ । | | ✓ | | |

## ख. सामाजिक जिम्मेवारी बहन

### १. सामाजिक परिचालन

भक्तपुर जिल्लामा सामाजिक परिचालनको क्षेत्रमा गाउँ विकास कार्यक्रम १६ गा.वि.स., गरिबसँग विश्वेश्वर कार्यक्रम ४ गा.वि.स. महिला विकास कार्यक्रम १६ गा.वि.स.मा लागु भएको देखिन्छ । यसैगरी LGCDP अन्तर्गत सामाजिक परिचालन लागू भएका वडा संख्या १४४ वडाहरु, परिचालन भएका सेवा प्रदायक संस्था संख्या ३ वटा, गठन भएका गाउँ/वडा नागरिक मञ्च संख्या १४४ वटा रहेका छन् जसमा गाउँ र वडा नागरिक मञ्चमा सहभागी संख्या २३९२ जना रहेको देखिन्छ । यसैगरी नागरिक सचेतना केन्द्र संख्या १६ वटा स्थापना भएको र सो केन्द्रमा ४३३ जनाको सहभागिता रहेको देखिन्छ । यसले भक्तपुर जिल्ला सामाजिक जिम्मेवारी बहन गर्ने कार्यमा लागिपरेको अध्ययनबाट देखिन्छ ।

| | | |
|---|---|---|
| सामाजिक परिचालन लागू भएका भएको गाउँ विकास समिति : १६ | | |
| वडा नागरिक मञ्च स्थापना भएका वडा संख्या : सबै १४४ वडाहरु | | |
| वडा नागरिक मञ्चमा सहभागी संख्या : २३९२ जना | | |
| महिला : १२४३ | पुरुष : ११४९ | ५२% महिला |
| नागरिक सचेतना केन्द्र संख्या : १६ वटा | | |
| नागरिक सचेतना केन्द्रमा सहभागी संख्या : ४३३ | | |
| महिला : ३९७ | पुरुष : ३६ | ९२ % महिला |
| गाउँ विकास समितिहरु र जिल्ला विकास समितिको परिषद्मा सहभागी : ९४७ | | |
| महिला : ४५३ | पुरुष : ४९४ | ४८% महिला |

*श्रोत : RBM प्रतिवेदन, ०७१ असार*

### २. लक्षित वर्ग तथा सामाजिक समावेशिकरण कार्यक्रम तथा लाभान्वितको अवस्था

गत आ.ब. मा बालबालिका तर्फ ११ वटा, महिला तर्फ २२ वटा तथा दलित आदिवासी जनजाति, अपांग तर्फ ३१ वटा गरी कुल ६४ वटा कार्यक्रमहरु संचालन गरिएको थियो । जसमा लाभान्तिव हुनेमा बालबालिका तर्फ १६७२, महिला तर्फ ११२८ तथा दलित, आदिवासी

जनजाति र अपांगतर्फ १०१६८ जना रहेको थियो । सबै लक्षित वर्गहरुलाई विनियोजित बजेट कार्यविधि अनुसार खर्च गरिएको पाइयो ।

| लक्षित वर्ग | कार्यक्रम संख्या | विनियोजन | खर्च | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|
| (क) बालबालिका तर्फ | ३० | ३३२५ | ३१२५ | २४७२ |
| (ख) महिला तर्फ | ४० | १७९० | १७५१ | २५७८ |
| (ग) आदिवासी, जनजाति, दलित, जेष्ठ नागरिक तथा अपाङ्ग तर्फ | ४० | ५१८५ | ५१७९ | २६१० |

## ३. सामाजिक सुरक्षा कार्यक्रम आ.ब. २०७०।७१ भत्ता पाउनेको विवरण

सामाजिक सुरक्षा कार्यक्रममा गत आ.ब.मा कुल भत्ता पाउनेको संख्या १२७०० रहेको थियो । जसमा भत्ता पाउनेमा वृद्ध ६३१५, अपांग ३७२, एकल महिला २७५७ र बाल संरक्षण अनुदान अन्तर्गत १६३ जना रहेका थिए ।

| क) भत्ता प्राप्त गर्ने जम्मा संख्या | १२७०० |
|---|---|
| १. बृद्ध भत्ता प्राप्त गर्ने संख्या | ६३१५ |
| जेष्ठ दलित २१४, जेष्ठ नागरिक अन्य ६१०१ | |
| २. अपाङ्ग भत्ता प्राप्त गर्ने संख्या | ३७२ |
| आंशिक ७५, पूर्ण अपाङ्ग : ३१४ | |
| ३. एकल महिला भत्ता प्राप्त गर्ने संख्या | २७५७ |
| ४. विधुवा महिला ६० वर्ष मुनि | ३०९३ |
| ५. बाल संरक्षण अनुदान प्राप्त गर्ने संख्या | १६३ |
| ख) वितरित रकम | ७७४१६.३ |
| ग) फिर्ता रकम | ९००४.४ |

## ग. भौतिक पूर्वाधार

| विवरण | परिणाम |
|---|---|
| क) नयाँ ट्र्याक खोल्ने/सडक विस्तार (कि.मी) | १.८२ |
| ख) कच्ची सडक/ग्रामीण सडक (कि.मी) | १.७४ |
| ग) सडक ग्राभेल (कि.मी) | ३.४ |
| घ) कालोपत्रे (कि.मी) | १.३ |
| ङ) सडक मर्मत सम्भार (कि.मी) | ९.० |
| च) झो. पु./ट्रष्ट पुल निर्माण सम्पन्न (वटा) | २( ) |
| छ) खानेपानी आयोजना सम्पन्न (वटा) | १७ |
| ज) खानेपानी आयोजनाबाट लाभान्वित जनसंख्या (जना) | १८००० |
| झ) सरसफाई कार्यक्रम सन्चालन (शौचालय निर्माण) वटा | २ |
| ञ) सिंचाई (हे.) | ६.४ |
| ट) भवन निर्माण तथा सुधार (विद्यालय, स्वास्थ्य चौकी, सामुदायिक भवन, गा.वि.स. र जि.वि.स.र न.पा. भवन आदि (वटा) | ४४ |

## भौतिक योजनाहरुको लक्ष्य तथा प्रगति

| क्र.सं. | बजेट शिर्षक | लक्ष्य | सम्पन्न योजना |
|---|---|---|---|
| १ | स्थानीय यातायात तथा पूर्वाधार क्षेत्रगत कार्यक्रम | २३ | २२ |
| २ | ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम | १७ | १७ |
| ३ | जि.वि.स. अनुदान | ६१ | ५४ |
| ४ | समुदायमा आधारित ट्रस पुल | २ | ० |
| ५ | साना तथा मझौला सिचाई योजना | १३ | ११ |
| ६ | सडक वोर्ड नेपालको साझेदारीमा संचालन हुने योजना | ३ | ३ |
| ७ | बौद्ध दर्शन तथा गुम्बा व्यवस्थापन कार्यक्रम | १ | १ |

| क्र.सं. | बजेट शिर्षक | लक्ष्य | सम्पन्न योजना |
|---|---|---|---|
| ८ | स्थानीय विकास कार्यक्रम | २१ | १८ |
| ९ | सँस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त रकमबाट संचालित योजना | ९ | ८ |
| १० | नदी नियन्त्रण कार्यक्रम | ५ | ३ |
| ११ | निर्वाचन क्षेत्र विकास कार्यक्रम | ४८ | ४६ |
| १० | जि.वि.स.कोष आन्तरिक श्रोत तर्फ | १७६ | १३५ |
| | जम्मा | ३७९ | ३१८ |

## घ. क्षमता विकास

| क्र.सं | विवरण | सहभागी |
|---|---|---|
| १ | गाविस सचिव तथा कार्यालय सहायकहरुका लागि लेखा व्यवस्थापन तालिम | ३२ |
| २ | गाविस सचिव तथा कार्यालय सहायकहरुका लागि **VERS Software** को पुर्ताजगी तालिम | ३२ |
| ३ | जिविसबाट **Web Base Reporting** तालिममा सहभागी | ३ |
| ४ | सामाजिक परिचालकहरुका लागि क्षमता विकास तालिम | १८ |
| ५ | उपभोक्ता समितिका पदाधिकारीहरु | ४० |
| ६ | लैंगिक हिंसा तथा कानूनी उपचार सम्बन्धी अभिमुखीकरण | ५२५ |
| ७ | नागरिक सचेतना केन्द्रका सदस्यहरुका लागि अचार तथा दलमोठका परिकार बनाउने तालिम | २२० |
| ८ | विभिन्न गैससहरुको समन्वयमा सीप विकास तालिम | १५० |
| | जम्मा | १०२० |

## ङ. वित्तीय प्रगती

गत आ.व.मा स्थानीय कर, दस्तुर, बिक्री, भाडा, दण्डजरिवाना, मालपोत, पेश्की फिर्ता धरौटी जफत र अन्य आय गरी ४,९३,००,०००।०० आन्तरिक आय हुने अनुमान गरिएकोमा यथार्थ आय रु. ४,०६,२०,०००।- भई अनुमानभन्दा कम अर्थात् ८२.३९ मात्र भएको छ। यो आय विगत आ.व. २०६९।७० को तुलनामा बढी हो। उक्त आ.व.मा आन्तरिक आय जम्मा रु.३,२४,१२,०००।- थियो।

### पेश्की तथा बेरुजू फर्स्यौट

गत वर्षसम्म केन्द्रीय बेरुजू रु. ८०,८९,०००।- भएकोमा रु. ५७,३९,०००।- फर्स्यौट भई रु. २३,५०,०००।- बाँकी रहेको अवस्था छ।

## ५. सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

| समाजिक जिम्मेवारीको क्षेत्र | गत बर्षको लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| **स्वास्थ्य** | | | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुच भएको घरधुरी संख्या | | सबै घरधुरीकोलागि स्वास्थ्य चौकी तथा यातायातको पहुँच पुगेको | |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | | ७.४ | |
| खोपमा पहुच भएको जनसंस्या ( एक बर्ष मुनीका बालबालिकाको आधारमा) | | | |
| DPT3 खोप प्राप्त | ८८६१ | ५५५७ | ६२.७ |
| Polio | ८८६१ | ५५५७ | ६२.७ |
| Measles | ८८६१ | ५६८३ | ६४.१ |
| | | | |
| ४ पटक गर्ववती जाच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | ९३१२ | १६८७ | १८.१ |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | ९३१२ | ६ | ४.१ |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | | | |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने जनसंख्या | ३१७३२३ | ४९३२७१ | १५५.४ |
| **शिक्षा** | | | |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या | | | आधा घण्टाभित्र जिल्लाका सम्पूर्ण जनसंख्याको पहुँच पुग्ने |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | | | |
| प्रारम्भिक बाल विकास तथा शिक्षाबाट नयाँ भर्ना भएका | ८० SSRP Targets २०१५ सम्म | | |
| खुद प्रवेश दर | १०० SSRP Targets २०१५ सम्म | ९१ | |
| सहजै देखिने प्रवेश दर | १२३ | १०८ | |

| | | | |
|---|---|---|---|
| | SSRP Targets २०१५ सम्म | | |
| **प्राथमिक** | | | |
| तहको सहजै देखिने भर्नादर | | १२२ | २०६८ को तथ्यांक |
| खुद भर्ना दर | | ९८ | २०६८ को तथ्यांक |
| शिक्षक विद्यार्थी अनुपात | | १:१२ | २०६८ को तथ्यांक |
| **विद्यालय तह ( कक्षा १ -१०)** | | | २०६८ को तथ्यांक |
| खुद भर्ना दर | | ८२ | २०६८ को तथ्यांक |
